# प्रसौनी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

प्रसौनी, बारा
मधेश प्रदेश, नेपाल

प.सं. २०८३/०८४ मिति : २०८३/०६/०१

सूचना ! सूचना !! सूचना !!!

विषय : ५०% अनुदानमा गहुँको उन्नत बीउ वितरण कार्यक्रममा सहभागी हुन माग विवरण पेश गर्ने सम्बन्धमा।

प्रस्तुत विषयमा चालु आ.व. २०८३/०८४ मा सङ्घीय सशर्त बजेट **खाद्यान्न बालीको उन्नत बीउ उपयोगमा अनुदान (धान, गहुँ)** कार्यक्रम बमोजिम ५०% अनुदानमा तपसिल अनुसार गहुँको उन्नत जातको बीउ वितरण कार्यक्रममा सहभागी हुन गहुँ खेती गर्नका लागि ईच्छुक कृषकहरु देहाय बमोजिमका सर्त तथा समय सिमाभित्र यस प्रसौनी गाउँपालिकाको कृषि शाखामा तोकिएका कागजातहरु सहित निवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

तपसिल

उन्नत बीउ प्रयोगमा मूल्य अनुदान उपलब्ध हुने गहुँको जातहरु :

१. विजय

२. एन. एल. ९७१

आवश्यक कागजातहरु :

१. यसै सूचनासाथ संलग्न ढाँचामा निवेदन पेश गर्नु पर्नेछ।

२. सम्बन्धित कृषकको निवेदनसाथ नागरिकता र लालपूर्जाको प्रतिलिपी।

३. बीउको आवश्यक परिमाण क्षेत्रफलको आधारमा दिईनेछ।

४. सूचना लागु हुने मिति २०८३ साल असोज ०१ गते देखि १५ गते सम्म।

५. अरुको जग्गामा गहुँ खेती गरिने भए जग्गाको करारनामा।

नोट : तोकिएको मूल्यको ५०% आउने रकम कृषकहरुले जम्मा गरेपछि मात्र गहुँको बीउ आपूर्ति हुनेछ।
मूल्य पछि प्रकाशन गरिनेछ।

बोधार्थ :

श्री वडा कार्यालय (१ देखि ७ ) सूचना पाटीमा टाँस गरी सम्पूर्ण कृषकहरुलाई जानकारी गराईदिनहुन।

नविन कुमार श्रीवास्तव
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

मिति : २०८३/०६/........

श्रीमान् कार्यालय प्रमुख ज्यू
प्रसौनी गाउँपालिका ।
गाउँ कार्यपालिकाको कार्यालय,
प्रसौनी, बारा ।

विषय : गहुँको उन्नत बीउ ५०% अनुदानमा पाउँ बारे ।

उपरोक्त सम्बन्धमा यस प्रसौनी गाउँपालिकाको आ.व. २०८३/०८४ को स्वीकृत कार्यक्रम अन्तर्गत गहुँको उन्नत बीउ ५०% अनुदानमा वितरण हुने भएकोले तपसिल अनुसारको जातको बीउ उपलब्ध गराई दिनुहुन यो निवेदन पेश गरेको छु ।

तपसिल

| क्र.स. | गहुँको जात | क्षेत्रफल | परिमाण | कैफियत |
|---|---|---|---|---|
| | | | | |

निवेदक

नाम :
ठेगाना :
मो.नं. :
हस्ताक्षर :

Scanned with CamScanner